०८४-४२०२७७

श्री

# बर्दिया जिल्ला अदालत

बर्दिया, गुलरिया

मिति - २०७४।८।१३

प.सं. ०७४।०७५ तहसिल

च.नं.

सुचना । सुचना ।। सुचना ।।।

उपर्युक्त विषयमा प्र.नि. चन्द्र बहादुर रानाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जि. सुर्खेत विरेन्द्रनगर न.पा. वडा नं. ६ बस्ने लोकेश योगी समेत भएको लागु औषध(खैरो हिरेइन) मुद्दामा अभियोगपत्रसाथ दाखेल भै जिन्सीमा अम्दानी बाधिएको भे. ५ प ११३९ नं. को मोटरसाइकल यस अदालतबाट मिति २०७३।३।१५ मा र श्री उच्च अदालत तुलसिपुर नेपालगंज इजलाशबाट मित २०७४।१।२५ मा भएका फैसला बमोजिम जफत हुने ठहरी अन्तीम भै सकेकाले लिलाम बढाबढ गर्नु परेकाले जिल्ला अदालत नियमावली २०५२ को नियम ९०(क) को देहाय ४ बमोजिम समिति बसी मिति २०७४।८।५ मा उक्त मोटरसाइकल विगत २ वर्ष देखी घामपानी पर्ने स्थानमा रहेकाले मोटरसाइकलको बाहिरी भागहरु खिया लागी बिग्रिसकेको र सो संचालनमा ल्याउनका लागी धेरै खर्च बढी देखिएको र भौतिक अवस्था समेत जिर्ण भएकाले पंचकृर्ते मुल्य रु.४०,०००।- (अक्षेरुपी चालिस हजार) कायम भएको हुदाँ उक्त मोटरसाइकल जि.अ. नियमावली २०५२ को नियम ९०(ख) को दफा ३ बमोजिम लिलाम बढाबढको लागी समितिको निर्णय बमोजिम पहिलो पटक पंचकृर्ते मुल्य रु.४०,०००।- बाट मिति २०७४।९।४ गते दिनको २ बजे यस अदालतमा लिलाम बढाबढ हुने भएकाले यो सुचना प्रकाशित गरिएको छ । लिलाम बोल्ने व्यक्तीले बोलेको अंकको १० प्रतिशत सोही दिन दाखेल गरि बाकी रकम ७ दिन भित्र दाखेला गरि सक्नु पर्ने बेहोरा समेत सबैको जानकारीका लागी यो सुचना प्रकासित गरीएको छ । अन्य कुनै जानकारी चाहिएमा बर्दिया जिल्ला अदालतको तहसिल शाखामा कार्यालय समय भित्र सम्पर्क गर्नु होला ।

२०७४।८।१३

तहसिलदार

शाखा अधिकृत